# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४३)काठमाडौं, कात्तिक ३ गते २०५०साल(अतिरिक्ताङ्क४०

## भाग ३

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

### निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०५०

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वान्छनीय भएकोले, निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. निजामती सेवा नियमावली, २०५० को नियम २१ मा संशोधनः निजामती सेवा नियमावली, २०५० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २१ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ–

"(१) सेवाबाट हटाइएका कुनै निजामती कर्मचारीले कुनै अदालतको निर्णयबाट निजको सेवा पुनर्स्थापित हुने भएमा सोको निर्णयको सूचना पाएको मितिले तीन महिनाभित्र सम्बन्धित मन्त्रालयमा हाजिर हुन जानुपर्नेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ७२ मा संशोधनः मूल नियमावलीको नियम ७२ को खण्ड (ज) को उप-खण्ड (आ) को सट्टा देहायको उप-खण्ड (आ) राखिएको छ–
"(आ) पुनरावेदन सरकारी वकील कार्यालयको उप-सरकारी अधिवक्ता– सदस्य"

४. मूल नियमावलीको नियम ७४ मा संशोधनः मूल नियमावलीको नियम ७४ को उपनियम (३) मा रहेको "राजपत्र अनंकित" भन्ने शब्दहरूको सट्टा "राजपत्रांकित" भन्ने शब्द राखिएको छ ।

५. मूल नियमावलीको नियम ७६ मा संशोधनः मूल नियमावलीको नियम ७६ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ–

"(क) नियम ७२ को खण्ड (क), (ख), (घ), (छ), (ञ), (ट) र (ठ) मा उल्लिखित निकायहरूका रिक्त पदहरूको हकमा–

(१) राजपत्र अनंकित प्रथम श्रेणीको रिक्त पदको लागि एकै मन्त्रालय, सचिवालय वा आयोग तथा त्यस्तो मन्त्रालय, सचिवालय वा आयोग मातहतका विभाग र केन्द्रीयस्तरका कार्यालयहरूमा कार्यरत सम्बन्धित सेवा, समूह वा उप-समूहका एक श्रेणी मुनिका सबै कर्मचारी ।

(२) राजपत्र अनंकित द्वितीय र तृतीय श्रेणीको रिक्त पदको लागि पद रिक्त भएको मन्त्रालय, सचिवालय, आयोग, विभाग वा केन्द्रीय स्तरको कार्यालयमा कार्यरत सम्बन्धित सेवा, समूह वा उप-समूहका एक श्रेणी मुनिका सबै कर्मचारी ।"

६. मूल नियमावलीको नियम ७८ मा संशोधनः मूल नियमावलीको नियम ७८ को–

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ –

(२) निजामती कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कनको लागि मूल्याङ्कन गरिने कर्मचारीभन्दा कम्तीमा एक श्रेणी माथिको सम्बन्धित कर्मचारी सुपरिवेक्षक हुनेछ र सुपरिवेक्षकभन्दा एक श्रेणी माथिको सम्बन्धित कर्मचारी पुनरावलोकनकर्ता हुनेछ ।

तर–

(क) राजपत्र अनङ्कित कर्मचारी कार्यालय प्रमुख हुने बाहेक राजपत्र अनङ्कित कर्मचारीहरूको सुपरिवेक्षक राजपत्र अनङ्कित कर्मचारी हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) जिल्लास्थित कार्यालयहरूमा राजपत्र अनङ्कित कर्मचारीको पुनरावलोकनकर्ता हुने राजपत्राङ्कित कर्मचारी नभएमा पुनरावलोकन समितिको अध्यक्षले तोकेको अधिकृत पुनरावलोकनकर्ता हुनेछ ।]

(ग) कुनै राजपत्राङ्कित कर्मचारीको सुपरिवेक्षक राजपत्राङ्कित विशिष्ठ श्रेणीको कर्मचारी भएमा निजले नै पुनरावलोकनकर्ता समेत भई काम गर्नेछ ।

(घ) कार्यालय प्रमुख वा विभागीय प्रमुख भै काम गर्ने कर्मचारीले आफू मातहत काम गर्ने समान श्रेणीका कर्मचारीको समेत कार्य सम्पादन मूल्याङ्कनको निमित्त सुपरिवेक्षक भै काम गर्न सक्नेछ ।

स्पष्टीकरण

मूल्याङ्कन गरिने कर्मचारी र निजको सुपरिवेक्षक हुने कर्मचारी समान श्रेणीको भई एउटै सेवा, समूह वा उपसमूहमा बढुवाको लागि दुवै सम्भाव्य उम्मेदवार हुने भएमा त्यस्तो कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको लागि उक्त सुपरिवेक्षक हुने कर्मचारीले कार्य सम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधारलाई दृष्टिगत गरी आफ्नो लिखित मन्तव्य सहित सो फाराम पुनरावलोकनकर्ता वा आफूभन्दा माथिल्लो श्रेणीको कर्मचारी समक्ष सुपरिवेक्षणको निमित्त पेश गर्नु पर्नेछ ।

(ङ) राजपत्रांकित विशिष्ठ श्रेणीमा कार्यरत निजामती कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको लागि मुख्य सचिवले नै सुपरिवेक्षक, पुनावलोकनकर्ता र पुनरावलोकन समितिको समेत काम गर्नेछ ।"

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ–

"(३) राजपत्र अनङ्कित कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कनको लागि देहायको पुनरावलोकन समिति रहनेछ–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
८३४

(क) सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको सचिव वा सम्बन्धित विभागीय प्रमुखले तोकेको अधिकृत — अध्यक्ष

(ख) सम्बन्धित पुनरावलोकनकर्ता — सदस्य

(ग) सम्बन्धित सुपरीवेक्षक — सदस्य"

(३) उपनियम (४) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ–

"(ख) सम्बन्धित मन्त्रालय, सचिवालय, आयोग, विभाग वा कार्यालयको सचिव वा विशिष्ठ श्रेणीको अधिकृत– सदस्य"

(४) उपनियम (५) को सट्टा देहायको उप-नियम (५) राखिएको छ–

"(५) राजपत्रांङ्कित द्वितीय र तृतीय श्रेणीको निजामती कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको लागि देहायको पुनरावलोकन समिति रहनेछ–

(क) सम्बन्धित मन्त्रालय, सचिवालय, आयोग वा कार्यालयको सचिव वा विशिष्ठ श्रेणीको अधिकृत — अध्यक्ष

(ख) सेवा, समूह सम्बन्धी मन्त्रालयको सचिव वा निजले तोकेको सम्बन्धित मन्त्रालय, सचिवालय, आयोग वा कार्यालयको राजपत्रांङ्कित प्रथम श्रेणीको अधिकृत — सदस्य

(ग) सामान्य प्रशासन मन्त्रालयको राजपत्रांङ्कित प्रथम श्रेणीको अधिकृत — सदस्य"

तर पुनरावलोकन समितिमा तीनैजना पदाधिकारी एउटै मन्त्रालयको हुने भएमा खण्ड (ख) बमोजिम तोकिने अधिकृत अन्य मन्त्रालयको तोक्नु पर्नेछ ।

७. मूल नियमावलीको नियम ८७ मा संशोधनः मूल नियमावलीको नियम ८७ को उपनियम (२) मा रहेको "उपसमूहको रिक्त पदमा" भन्ने शब्दहरूको सट्टा "उप-समूहको पदमा" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल नियमावलीको नियम १०१ मा संशोधनः मूल नियमावलीको नियम १०१ को उपनियम (२) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ–

"(ञ) सगोलको अविवाहिता दिदी, बहिनी, र विवाहिता छोरी ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल नियमावलीको नियम १०५ मा संशोधनः मूल नियमावलीको नियम १०५ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ –

"(२) उप-नियम (१) बमोजिम श्री ५ को सरकार समक्ष सिफारिश पेश गर्नको निमित्त देहायका पदाधिकारीहरू रहेको समिति रहनेछः–

(क) मुख्य सचिव – अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालय, सचिवालय, आयोग वा कार्यालयको सचिव वा विशिष्ठ श्रेणीको अधिकृत – सदस्य

(ग) सामान्य प्रशासन मन्त्रालयको सचिव – सदस्य

१०. मूल नियमावलीको नियम १०६ मा संशोधनः मूल नियमावलीको नियम १०६ को–

(१) खण्ड (घ) को उप-खण्ड (४) र (५) मा रहेको "न्याय सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन अदालतको मुख्य न्यायाधीश" भन्ने शब्दहरू राखिएको छ ।

(२) खण्ड (घ) को उप-खण्ड (५) को महल ३ मा रहेको "पुनरावेदन अदालतको मुख्य न्यायाधीश" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको सोही अदालतको न्यायाधीश" भन्ने शब्दहरू राखिएको छ ।

(३) खण्ड (घ) को उप-खण्ड (६) र (७) मा रहेको "न्याय सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "प्रधान न्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतको न्यायाधीश" भन्ने शब्दहरू तथा उप-खण्ड (८) मा रहेको "प्रधान न्यायाधीश" भन्ने शब्दहरू र "न्याय सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकार" भन्ने शब्दहरू राखिएका छन् ।

(४) खण्ड (च) को पहिलो हरफमा रहेको "र प्रशासकीय अदालत" भन्ने शब्दहरू झिकिएको छ ।

(५) खण्ड (च) को उप-खण्ड (१) को महल २ मा रहेको "अध्यक्षले तोकेको अधिकृत" भन्ने शब्दहरूको सट्टा "अध्यक्षले तोकेको सदस्य" भन्ने शब्दहरू तथा उप-खण्ड (२) मा रहेका "कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव" भन्ने शब्दहरू र "न्याय सेवा आयोग "भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकार" भन्ने शब्दहरू राखिएको छ ।

(६) खण्ड (छ) को उप-खण्ड (४) मा रहेको "न्याय सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "महान्यायाधिवक्ता" भन्ने शब्दहरू तथा उप-खण्ड (५),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) र (७) मा रहेका "न्याय सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकार" भन्ने शब्दहरू राखिएको छ ।

(७) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ –

(झ) प्रशासकीय अदालतका निजामती कर्मचारीको सम्बन्धमा–

| १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|
| १) राजपत्र अनंकित कर्मचारी | अध्यक्षले तोकेको अधिकृत रजिष्ट्रार | रजिष्ट्रार | रजिष्ट्रार | अध्यक्ष |
| | | अध्यक्ष | अध्यक्ष | श्री ५ को सरकार |
| २) रजिष्ट्रार वाहेक अरू राजपत्राङ्कित अधिकृत | अध्यक्ष | श्री ५ को सरकार | अध्यक्ष | श्री ५ को सरकार |
| ३) रजिष्ट्रार | | | | |

(८) खण्ड (ञ) मा रहेको "न्याय सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "न्याय परिषद्को अध्यक्ष "भन्ने शब्दहरू राखिएको छ ।

(९) खण्ड (ट) को उप-खण्ड (२) र (३) मा रहेका "कानून सुधार आयोगको अध्यक्ष" भन्ने शब्दहरू र "न्याय सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकार" भन्ने शब्दहरू राखिएको छ ।

(१०) खण्ड (ठ) को उप-खण्ड (२) मा रहेको "न्याय सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव" भन्ने शब्दहरू र उप-खण्ड (३) मा रहेका "न्याय सेवा आयोग" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकार" भन्ने शब्दहरू राखिएको छ ।

११. <u>मूल नियमावलीको नियम ११६ मा संशोधनः</u> मूल नियमावलीको नियम ११६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ–

"(१) एउटै श्रेणीको पदमा लगातार चार वर्षसम्म यस नियमावली बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराममा अत्युत्तम पाई बढुवामा स्थान पाउन नसकेका निजामती कर्मचारीलाई पुरस्कार स्वरूप पाँच तलब वृद्धि थप दिइनेछ । यस्तो पुरस्कारको रकम सम्बन्धित विभागीय प्रमुखबाट निर्णय गराई प्रशंशा पत्र सहित दिइनेछ ।"

आज्ञाले,
जीतबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३८